# लेकम गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १, संख्याः २०, मितिः २०८१/०१/२४

## भाग -२

# उत्कृष्ट खेलाडी सम्मान कार्यविधि,२०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

लेकम गाउँपालिका

**प्रस्तावनाः** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, प्रदेश तथा अन्तरप्रदेश, जिल्ला तथा अन्तरजिल्ला, पालिका तथा अन्तरपालिका खेलकुद प्रतियोगितामा ट्रफी वा पदकसहित महत्त्वपूर्ण स्थान प्राप्त गरी गाउँपालिका र गाउँपालिकावासीको गौरव बढाउन योगदान पुर्याउन सफल उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाउन वाञ्छनीय भएकाले लेकम गाउँपालिकाले यो उत्कृष्ट खेलाडी सम्मान कार्यविधि,२०८० बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम उत्कृष्ट खेलाडी सम्मान कार्यविधि, २०८० रहेको छ ।

२) यो कार्यविधि गाउँकार्यपालिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

१) **"खेलकुद"** भन्नाले शारिरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक विकासका लागी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, प्रदेश तथा अन्तरप्रदेश, जिल्ला तथा अन्तरजिल्ला, पालिका तथा अन्तरपालिका स्तरमा नेपाल सरकार वा खेलकुद परिषद् वा आधिकारिक संघसंस्थाले औपचारिक रूपमा सञ्चालन गरेको प्रतियोगिता सम्झनु पर्दछ ।

२) **"पुरस्कार तथा सम्मान"** भन्नाले शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, प्रदेश तथा अन्तरप्रदेश, जिल्ला तथा अन्तरजिल्ला, पालिका तथा अन्तरपालिका स्तरमा नेपाल सरकार वा खेलकुद परिषद् वा आधिकारिक संघसंस्थाले औपचारिक रूपमा सञ्चालन गरेको प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, टिम च्याम्पियन, ट्रफी वा पदक हासिल गरेको अवस्थामा प्रदान गरिने जिन्सी वा रकमलाई सम्झनु पर्दछ।

३) **"राष्ट्रिपति रनिङ सिल्ड प्रतियोगिता"** भन्नाले विद्यालय स्तरमा खेल प्रतिभाको खोजी गर्न सञ्चालन गरिने खेलकुद प्रतियोगितालाई सम्झनु पर्दछ ।

४) **"परिषद्"** भन्नाले राष्ट्रिय खेलकुद परिषद्लाई सम्झनु पर्दछ ।

५) **"समिति"** भन्नाले दफा ३ बमोजिम खेलाडी तथा प्रशिक्षकलाई सम्मान तथा पुरस्कार प्रदान गर्न गठित सिफारिस समितिलाई बुझनुपर्दछ ।

६) **"महत्त्वपूर्ण स्थान"** भन्नाले खेलकुद प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, टिम च्याम्पियन, ट्रफी वा पदक हासिल गरेको अवस्थालाई सम्झनु पर्दछ ।

लेकम गाउँपालिका

३. **सिफारिस समिति सम्बन्धी व्यवस्था:** १) महत्त्वपूर्ण स्थान हासिल गर्न सफल खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षकलाई यस कार्यविधि बमोजिमको पुरस्कार तथा सम्मानको लागि गाउँपालिकासमक्ष सिफारिस गर्न देहाय बमोजिमको समिति रहने छ ।

क) गाउँपालिका प्रमुख वा गाउँपालिका प्रमुखले तोकेको कार्यपालिका सदस्य – संयोजक

ख) गाउँपालिकामा खेलकुद क्षेत्रमा योगदान पुर्याएको खेलप्रेमी मध्येबाट समितिले छानेको एकजना – सदस्य

ग) गाउँपालिकाको खेलकुद संयोजक – सदस्य

घ) गाउँकार्यपालिका सदस्य मध्येबाट संयोजकले तोकेको १ जना – सदस्य

ङ) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

२ समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

३ समितिको बैठक समितिको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

४ समितिको बैठक समितिको संयोजकको अध्यक्षतामा बस्नेछ ।

५ समितिको बैठकसम्बन्धी अन्य कार्यविधि तथा पुरस्कार तथा सम्मानको लागि सिफारिस गर्दा अपनाउने अन्य प्रक्रिया सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६ समितिको सचिवालयको काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

४. **पुरस्कार तथा सम्मान प्रदान गरिने:** गाउँपालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, प्रदेश तथा अन्तरप्रदेश, जिल्ला तथा अन्तरजिल्ला, पालिका तथा अन्तरपालिका स्तरमा नेपाल सरकार वा खेलकुद परिषद् वा आधिकारिक संघ संस्थाले औपचारिक रूपमा सञ्चालन गरेको प्रतियोगिता प्रथम, द्वितीय, तृतीय, टिम च्याम्पियन, ट्रफी वा पदक हासिल गर्ने खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षकलाई दफा ३ बमोजिमको सिफारिस समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिमको नगद र सम्मान पत्र प्रदान गरिने छ । सिफारिस समितिको सिफारिस गाउँ कार्यपालिकाले आवश्यक संसोधन सहित निर्णय गर्न सक्नेछ ।

५. **पुरस्कार तथा सम्मानका लागि निवेदन तथा सिफारिसको व्यवस्था:** महत्त्वपूर्ण स्थान हासिल गर्न सफल खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षकले सम्मान तथा पुरस्कारका लागि

खेलकुद प्रतियोगिता सम्पन्न भएको ७ दिनभित्र देहायका विवरण तथा कागजात संग्लन गरी गाउँपालिकामा निवेदन पेस गर्नु पर्नेछ ।

क) खेलकुद प्रतियोगितामा आयोजकबाट प्रदान गरिएको प्रमाण पत्रको प्रतिलिपि,

ख) त्यस्तो प्रतियोगितामा भाग लिन गाउँपालिकाको स्वीकृतिमा गएको प्रमाण,

ग) खेलकुद प्रतियोगितामा कार्यविधि अनुसार खर्च गरेको रकमको बिल भरपाई ।

६ **कार्यक्रम आयोजना गरी पुरस्कार तथा सम्मान प्रदान गर्ने:** सम्मानका लागि सिफारिस भएका महत्त्वपूर्ण स्थान हासिल गर्न सफल खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षकलाई गाउँपालिकाले कार्यक्रम आयोजना गरी पुरस्कार तथा सम्मान प्रदान गर्नेछ ।

७ **खेलभत्ता र आतेजाते खर्चको व्यवस्था:** गाउँपालिकाको स्वीकृतिमा खेलकुद प्रतियोगितामा सहभागी हुन जाने खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षकलाई दैनिक रु. १,६००/- का दरले खेलकुद भत्ता र यातायात समितिले निर्धारण गरेको गाडी भाडा उपलब्ध गराइने छ ।

८ **बजेटको व्यवस्था:** यस कार्यविधि बमोजिम प्रदान गरिने खेलकुद पुरस्कार र सम्मान र अन्य आवश्यक रकमको व्यवस्था लेकम गाउँपालिकाको आर्थिक वर्षको खेलकुद विकास कोषतर्फ विनियोजित बजेटबाट गरिनेछ ।

आज्ञाले
अर्जुन सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

लेकम गाउँपालिका